# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०८१।०८।०७ गते ।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी चन्द्र भुषण झासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दर्ता भएको गैरकानूनी लाभ वा हानि गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी चन्द्र भुषण झासमेत भएको मुद्दामाः

**प्रतिवादीहरु चन्द्र भुषण झा र भिम बहादुर रोकायलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र रु.४,३८, ५५७।८२ (अक्षरुपी चार लाख अड्तीस हजार पाँच सय सन्ताउन्न रुपैया बयासी पैसा मात्र) बिगो बमोजिम जरिबाना गरी बिगोसमेत असुल उपर हुनसाथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिबाना समेत हुन,

**प्रतिवादी दल बहादुर बुढालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिम सजायको हुन,

**प्रतिवादी सुष्मा (कार्की) भण्डारीलाई** भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय र रु. ४,३८, ५५७।८२ (अक्षरुपी चार लाख अड्तीस हजार पाँच सय सन्ताउन्न रुपैया बयासी पैसा मात्र।) बिगो कायम गरी बिगो समेत जफत हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।१८ को फैसलाबाट सफाई दिएको-:

- उक्त योजनामा कुनै काम नै नभएको भन्ने आरोप दावी नरहेको,
- नाँप जाँच गर्दा माटो खन्ने काम र ट्रसको मात्र नाप गरेको अन्य कार्यको नाप जाँच नगरेको,
- नर्सरीको तल्लो भागमा सिमेन्ट र ढुङ्गाको पर्खाल बनाएको उक्त कार्यको नाँप जाँच नभएको भनी वादीकै साक्षीहरूले बकपत्र गरेको,
- प्रतिवादीहरूले बदनियतका साथ आयोजनाको नापजाँच गरेको झुट्टा विल भरपाई पेस गरी भुक्तानी लिने दिने गरेको भन्ने तथ्य बादी पक्षबाट पुष्टि हुन नसकेको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०८।०७ मा पुनरावेदन गरिएको छः-

**देहाय**:

- फिल्डमा गरीएको वास्तविक परिमाण भन्दा बढी काम गरेको देखाई नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र अन्तिम विल वनाई झुट्टा विल भर्पाईको आधारमा फिल्डमा काम नगरिएको कामको समेत रु. ४,३८,५५७/८२ भुक्तानी दिई नोक्सानी पुऱ्याएको भन्ने तथ्य रहेको प्रस्तुत मुद्दामा उक्त योजनामा कुनै काम नै नभएको भन्ने दावी नभएको भनी प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको ।
- प्रतिवादीहरूले अनुदान हाइटेक नर्सरी गर्न भनी नलिई फलफूल प्रशोधन तथा बिक्री केन्द्रको लागि टनेल निर्माण कार्यमा भएको अनियमितताको बारेमा अनुसन्धानको क्रममा प्राविधिक नाँपजाच गर्दा पर्खालको निर्माण नभएको भनी प्राविधिक प्रतिवेदनमा उल्लेख रहेको ।निर्माणको कार्यको फोटो र भिडियो समेत खिचेको अवस्थामा नापी

कितावमा पर्खाल समेत निर्माण भएको भनी उक्त निर्माण कार्यमा भएको खर्च भनी भएको भुक्तानी बदनियत राखी भुक्तानी लिने दिने कार्यगरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याई आफूलाई गैर कानूनी लाभ पुर्‍याएको कारणबाट सो कार्यमा संलग्न रहने कर्मचारी उपर आरोप पत्र दायर भएकोमा सम्पूर्ण प्रतिबादीहरूलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

- प्राविधिक नाप जाँच गर्दाको बखतमा पर्खाल नलागाएको कारण निर्माण स्थलमा लिइएको फोटो र भिडियो समेतमा पर्खाल नदेखिएको।निजहरूले पहिला पर्खाल लगाइएको थियो,वर्षाको कारण पर्खाल भत्किएको भनी जिकिर लिएको देखिएको।तर प्रतिबादीले जिकिर लिए जस्तो पर्खाल भत्किएको भए उक्त स्थानमा भत्किएको पर्खालको ढुङ्गा लगाएतका अन्य निर्माण सामाग्री देखिनु पर्नेमा सो समेत नदेखिएको। प्रतिवादीबाट इन्कारी वयान भएको र त्यसलाई साक्षीहरुले बकपत्र गरी समर्थन गरेको भनी सफाइ दिएको निर्णयाधार हेर्दा प्रतिवादी इन्कारी हुनु र साक्षीले समर्थन गर्नुले तात्वविक असर पर्दैन। साक्षीको बकपत्र र प्रतिवादीको इन्कारी वयानलाई अन्य भौतिक प्रमाण समर्थन गर्दछ वा गर्दैन त्यो हेर्नु पर्दछ। इन्कारी वयान आफै प्रमाण नहुने। अदालतमा हुने इन्कारी वयानलाई मात्रै निर्दोषिता ठहर हुने आधार वन्न सक्दैन भनी सम्मानित सर्वोच्च अदालथबाट ने.का.प. २०६९ अंक ८ नि.नं. ८८७८ मा सिद्धान्त प्रतिपादन भएको। यस्तै विवाद रहित र आधारभुत स्वतन्त्र प्रमाणबाट इन्कारी वयान समर्थित हुन नसकेको अवस्थामा प्रमाण विनाको इन्कारी वयान मात्र सफाई दिन यथेष्ट आधार वन्न नसक्ने भनी ने.का.प. २०६८ अंक १० नि.नं. ८६९५ मा सिद्धान्त प्रतिपादन भई रहेको सन्दर्भमा आफ्नै स्थानमा साक्षीहरुको भौतिक प्रमाणले समर्थन नगरेको बकपत्र जस्तो प्रमाणको आधारमा प्रतिवादीहरुलाई सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको छ ।

प्रवक्ता
नरहरि घिमिरे

**<u>देहायः</u>**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु चन्द्र भुषण झा, भिम बहादुर रोकाया, दल बहादुर बुढा र सुष्मा कार्की भण्डारी मु.नं. (०७९-CR-०१५५) फैसला मिति २०८०।११।१८ पु.वे. गर्ने निर्णय नं. ५०६ मिति २०८१/०७/३० | टनेल तथा नर्सरी स्थापना कार्यमा गैर कानुनी लाभ वा हानी पुर्याई भ्रष्टाचार गरेको। | कृषि विकास कार्यालय, हुम्लाका कार्यालय प्रमुख चन्द्र भुषण झा र तत्कालीन सव-इन्जिनियर भिम बहादुर रोकायको हकमा झुट्टा बिल भरपाई बनाई फिल्डमा गर्दै नगरिएको कामको समेत भुक्तानी दिई रु. ४,३८,५५७।८२ (अक्षरुपी चार लाख अड्तीस हजार पाँच सय सन्ताउन्न रुपैया बयासी पैसा मात्र।) बराबरको हानिनोक्सानी पुर्‍याएको देखिएको हुँदा निजहरु उपर रु.४,३८, ५५७।८२ (अक्षरुपी चार लाख अड्तीस हजार पाँच सय सन्ताउन्न रुपैया बयासी पैसा मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगोसमेत असुल उपर हुन प्रतिवादीहरुले कार्यस्थलमा नगरेको कामलाई गरेको भनी गलत नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र बिल तयार गरी फलफूल प्रशोधन तथा भण्डार केन्द्र, अदानचुली, मकै, हुम्लालाई रु.४,३८,५५७।८२ (अक्षरुपी चार लाख अड्तीस हजार पाँच सय सन्ताउन्न रुपैया बयासी पैसा मात्र।) बढी भुक्तानी दिएको देखिएकोले निजहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिबाना समेत हुन मागदाबी लिइएको छ।<br>जिल्ला हुम्ला अदानचुली गाउँपालिका वडा न. | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>• उक्त योजनामा कुनै काम नै नभएको भन्ने आरोप दावी नरहेको<br>• नाँप जाँच गर्दा माटो खन्ने काम र ट्रसको मात्र नाप गरेको अन्य कार्यको नाप जाँच नगरेको<br>• नर्सरीको तल्लो भागमा सिमेन्ट र ढुङ्गाको पर्खाल बनाएको उक्त कार्यको नाँप जाँच नभएको भनी वादीकै साक्षीहरूले वकपत्र गरेका।<br>• प्रस्तुत मुद्दाका प्रतिवादीहरूले बदनियतका साथ | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ।**<br>• कृषि विकास कार्यालय, हुम्ला मार्फत आ.व. २०७६/०७७ मा व्यावसायिक फलफूल नर्सरी प्रवर्धन कार्यक्रम अन्तर्गत दिइएको अनुदानबाट फलफूल प्रशोधन तथा भण्डार केन्द्र, अदानचुली, कमै हुम्लाले नर्सरी तथा टनेल निर्माण कार्यक्रम फिल्डमा गरीएको वास्तविक परिमाण भन्दा बढी काम गरेको देखाई नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र अन्तिम विल वनाई झुट्टा विल भर्पाईको आधारमा फिल्डमा काम नगरिएको कामको समेत रु. ४,३८,५५७/८२ भुक्तानी दिई नोक्सानी पुऱ्याएको भन्ने तथ्य रहेको प्रस्तुत मुद्दामा उक्त योजनामा कुनै काम नै नभएको भन्ने दावी नभएको भनी प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको देखिन्छ। प्रतिवादीहरुले योजनमा खर्च गर्नु पर्ने विभिन्न निर्माण कार्य मध्ये कुनै कार्य नभएको अवस्थामा नभएको कामको पनि भुक्तानी लिने कार्यलाई बदनियत पूर्वकको सरकारी हानि गरी आफूलाई गैर कानूनी लाभ पुऱ्याएको भनी अभियोजन गरिएको हो। योजनाको बिभिन्न काम मध्ये कुनै काम हुनुले नभए नगरको कामको भुक्तानी लिएको अवस्थामा प्राविधिकहरूबाट नाँप जाँच गराई वस्तुनिष्ट तरिकाले आरोप दावी लिइएकको अवस्था विद्यमान हुँदा हुँदै योजनामा विनियोजित रकममा कुनै पनि काम नभएमा मात्रै भ्रष्टाचार हुने अर्थ गरी कुनै काम नै नभएको भनी आरोप दावी नभएको भनी अन्यथा अर्थ गरी प्रतिबादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>• नाँप जाँच गर्दा माटो खन्ने काम र ट्रेसको मात्र नाप गरको तर अन्य कार्यको नाँप जाँच नगरेको भनी सफाई दिएको देखिन्छ।प्रतिवादीहरूले अनुदान हाइटेक नर्सरी गर्न भनी नलिई फलफूल प्रशोधन तथा बिक्री केन्द्रको लागि टनेल निर्माण कार्यमा भएको अनियमितताको बारेमा अनुसन्धानको क्रममा प्राविधिक नाँपजाच गर्दा पर्खालको निर्माण नभएको भनी प्राविधिक प्रतिवेदनमा उल्लेख छ ।निर्माणको कार्यको फोटो र भिडियो समेत खिचेको अवस्थामा नापी किताबमा पर्खाल समेत निर्माण भएको भनी उक्त निर्माण कार्यमा भएको खर्च भनी भएको भुक्तानी बदनियत राखी भुक्तानी लिने दिने कार्यगरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याई आफूलाई गैर कानूनी लाभ पुर्‍याएको कारणबाट सो कार्यमा संलग्न रहने कर्मचारी उपर आरोप पत्र दायर भएकोमा सम्पूर्ण प्रतिबादीहरूलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २ का तत्कालिन वडाध्यक्ष दल बहादुर बुढाले प्राविधिक इस्टिमेट अनुसार कार्य सम्पन्न भै सकेको हुँदा उक्त योजनाको भुक्तानी गरिदिनहुन भनी जिल्ला कृषि विकास कार्यालय, हुम्लालाई गलत सिफारिस गरी रु.४,३८,५५७।८२ (अक्षरुपी चार लाख अड्तीस हजार पाँच सय सन्ताउन्न रुपैया बयासी पैसा मात्र।) बराबरको गैरकानुनी लाभ वा हानि पुर्याउने बदनियतले काम गरेको देखिएको हुँदा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिम सजायको मागदाबी लिइएको छ, फलफूल प्रशोधन तथा भण्डार केन्द्रकी सञ्चालिका सुष्मा (कार्की) भण्डारीको उपर रु. ४,३८,५५७।८२ (अक्षरुपी चार लाख अड्तीस हजार पाँच सय सन्ताउन्न रुपैया बयासी पैसा मात्र।) बिगो कायम गरी भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन अभियोग मागदाबी लिइएको छ। | आयोजनाको नापजाँच गरेको झुट्टा विल भरपाई पेस गरी भुक्तानी लिने दिने गरेको भन्ने तथ्य बादी पक्षबाट पुष्टि हुन नसकेको। | • प्रतिवादीहरुका साक्षीहरूले पनि निर्माण भएको पर्खाल नाँपजाँच नभएको भनी नापजाँच प्रतिवेदनको मुचुल्कामा बस्ने साक्षीहरुले प्रतिकूल वकपत्र गरेको भनी सफाइ दिएको देखिन्छ। प्रतिवादीको साथसँग रहने स्थानीयले आफ्ना समाज बस्ने मानिसहरूलाई सफाइ पाउन भनी वकपत्र गरी दिनु स्वभाविकै हो। प्राविधिक नाप जाँच गर्दाको बखतमा पर्खाल नलागाएको कारण निर्माण स्थलमा लिइएको फोटो र भिडियो समेतमा पर्खाल देखिएको छैन। निजहरूले पहिला पर्खाल लगाइएको थियो,वर्षाको कारण पर्खाल भत्किएको भनी जिकिर लिएको देखिन्छ। तर प्रतिबादीले जिकिर लिए जस्तो पर्खाल भत्किएको भए उक्त स्थानमा भत्किएको पर्खालको ढुङ्गा लगाएतका अन्य निर्माण सामाग्री देखिनु पर्नेमा सो समेत देखिएको छैन। पहिला पर्खाल लगाएको भए प्रतिबादीहरूले पर्खाल सहितको फोटो र भत्किएको अवस्थाको फोटो देखाउन सक्नु पर्नेमा सो समेत देखाउन नसकि केवल इन्कारी बयान दिएको देखिन्छ। प्रतिवादीबाट इन्कारी वयान भएको र त्यसलाई साक्षीहरुले बकपत्र गरी समर्थन गरेको भनी सफाइ दिएको निर्णयाधार हेर्दा प्रतिवादी इन्कारी हुनु र साक्षीले समर्थन गर्नुले तात्वविक असर पर्दैन। साक्षीहरु विभिन्न कारणले प्रभावित हुन सक्ने अवस्था हुन्छ। साक्षीको बकपत्र र प्रतिवादीको इन्कारी वयानलाई अन्य भौतिक प्रमाण समर्थन गर्दछ वा गर्दैन त्यो हेर्नु पर्दछ। इन्कारी वयान आफै प्रमाण होइन। अदालतमा हुने इन्कारी वयानलाई मात्रै निर्दोषिता ठहर हुने आधार वन्न सक्दैन भनी सम्मानित सर्वोच्च अदालथबाट ने.का.प. २०६९ अंक ८ नि.नं. ८८७८ मा सिद्धान्त प्रतिपादन भएको छ। यस्तै विवाद रहित र आधारभुत स्वतन्त्र प्रमाणबाट इन्कारी वयान समर्थित हुन नसकेको अवस्थामा प्रमाण विनाको इन्कारी वयान मात्र सफाई दिन यथेष्ट आधार वन्न नसक्ने भनी ने.का.प. २०६८ अंक १० नि.नं. ८६९५ मा सिद्धान्त प्रतिपादन भई रहेको सन्दर्भमा आफ्नै स्थानमा साक्षीहरुको भौतिक प्रमाणले समर्थन नगरेको बकपत्र जस्तो प्रमाणको आधारमा प्रतिवादीहरुलाई सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको छ। प्रतिवादीहरुको प्रमाण बिनाको इन्कारी बयानको कुनै प्रामाणिक महत्त्व नहुने अवस्था हुँदा हुँदै प्रतिबादीहरूलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण रहेको देखिन्छ।<br>• प्रस्तुत मुद्दाको मुचुल्का समेतका कागजबाट प्रतिबादीहरूले वद्नियतका साथ काम गरेको ,झुट्टा बिल भरपाई पेस गरी भुक्तानी लिएको भन्ने निर्णायार लिएको देखिएको । प्रतिबादीहरुले निर्माण नभएको पर्खाल लगाएको भनी भुक्तानी लिइएको देखिन्छ। निर्माण नै नभएको कार्यको निर्माण सम्पन्न भयो भनी प्रतिबादीहरूलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण रहेको छ। |